सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

# २०७७ कार्तिक - पौष
# सम्पादित प्रमुख क्रियाकलापहरूको विवरण

नेपाल सरकार
कृषि तथा पशुपंक्षि विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना
परियोजना कार्यान्वयन इकाई, पर्सा

# स्वत प्रकाशन

## (**Proactive Disclours**)

नेपालको संविधानको धारा २७ मा रहेको नागरिकको सूचनाको हकको व्यवस्था बमोजिम सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली, २०६४ मा प्रत्येक सार्वजनिक निकायले आफ्ना गतिविधिहरूको विवरण ३/३ महिनामा प्रकाशित गर्नु पर्ने कानुनी व्यवस्था छ । यसका लागि ऐन र नियमावलीमा गरी २० वटा शीर्षकहरू उल्लेख गरिएका छन् ।यस प्रकाशनमा यस परियोजना कार्यान्वयन इकाई पर्साको आ.व. २०७७।७८ को साउन देखि असोजको अवधिमा सम्पादित प्रमुख कार्यहरू समावेश गरिएको छ ।

**प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना**
**परियोजना कार्यान्वयन इकाई, पर्सा ।**

**मिती: २०७७।०७।०५**

# विषय सूची

१. प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना ........ 1
१.१ परिचय ........ 1
१.२ परियोजनाको सोच, लक्ष्य, उद्देश्य ........ 1
१.३ परियोजना सन्चालनको अवधारणाः ........ 2
१.४ परियोजनाको रणनीति ........ 2
१.५ परियोजनाका सम्भागहरुः ........ 2
१.६. परियोजना सम्भागहरुबिच अन्तरसम्बन्ध ........ 2
१.७ परियोजना दस्तावेजमा व्यवसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्र (जोन) विकास कार्यक्रम ........ 4
१.८ जोन सम्भागको मुख्य विशेषताहरु ........ 4
१.९ कृषि विकास रणनीति र प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना बिच अन्तरसम्बन्ध ........ 5
१.१० पन्ध्रौं योजना र परियोजना ........ 6
२. परियोजना कार्यान्वयन इकाइ (जोन- तरकारी), पर्सा ........ 7
२.१ परिचय ........ 7
२.२ कृषकहरुको आयस्तर अभिबृद्धि गर्न तरकारी जोन पर्साका उद्देश्यहरु ........ 7
२.३ तरकारी जोनको कार्यक्षेत्र ........ 7
२.४. जोन कार्यालयबाट पाइने सेवा सुविधाहरुको विवरण ........ 8
२.५ परियोजना कार्यान्वयन इकाइको दरबन्दि विवरण ........ 8
२.७ हाल कार्यरत कर्मचारीहरुको विवरण ........ 9
३ वार्षिक प्रगति विवरण ........ 10
३.१ आ.व. २०७६/७७ को वार्षिक प्रगती ........ 10
३.३ आ.ब.०७६/७७ को वार्षिक प्रगति ........ 11
३.४ आ.व. २०७७।७८ को साउन देखि असोज सम्म सम्पन्न भएको मुख्य मुख्य कार्यक्रमहरू ........ 16
३.५ आ.व. २०७७।७८ असोज महिना वित्तिय प्रगति प्रतिवेदन ........ 17
४. सूचना अधिकारी र प्रमुखको नाम र पद ........ 18

५. कार्यालय सम्बन्धी सुचना सम्प्रेशण ..... 18
६. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी, सम्बन्धित शाखा प्रमुख ..... 18
७. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि ..... 18
८. निवेदन, उजुरी उपर निर्णय गर्ने प्रक्रिया र अधिकारी ..... 19
९. सार्वजनिक निकायको वेवसाइटः ..... 19

# १. प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना

## १.१ परिचय

करिब ६५ प्रतिशत जनशक्ति क्रियाशिल रहेको तथा राष्ट्रको अर्थतन्त्रको मेरुदण्ड रहेको नेपालको कृषि क्षेत्रमा सिमान्तकृत कृषक तथा निर्वाहमुखि कृषि प्रणालिको बाहुल्यता, तीव्र गतिमा बढेको अव्यवस्थित सहरीहरणबाट कृषि योग्य उर्वर भूमिको भौतिक संरचनामा रुपान्तरण तथा जमिनको बढ्दो खण्डिकरण, सकृय जनशक्तिको पलायन, कृषि क्षेत्रमा बढ्दो उत्पादन लागत, बाली विविधिकरण, प्रतिस्पर्धी क्षमता तथा कृषि उपजको बजारीकरण तथा बजारमुखि उत्पादन आदि नेपालको कृषि क्षेत्रका मुख्य चुनौतीहरु रहेको अवस्थामा नेपालले अन्तराष्ट्रिय समुदायमा गरेका सन्धी सम्झौता दीगो विकास लक्ष्य २०३० तथा राष्ट्रिय नीतिहरुलाई समेतलाई मध्य नजर गर्दै कृषि उत्पादनलाई प्रतिस्पर्धात्मक, व्यवसायीकरण गर्दै औद्योगिकरणको जग बसाल्न तथा रोजगारीको सृजना, खाद्य तथा पोषण सुरक्षामा टेवा पुर्याउन कृषि पेशामा युवा आकर्षण बढाइ सम्मानित पेशा बनाइ कृषि क्षेत्रको आधुनीकिकरण मार्फत राष्ट्रिय अर्थतन्त्रलाई मजबुत बनाउन अपरिहार्य छ । यीनै आवश्यकतालाई मुर्त रुप दिन कृषि उत्पादनका आवश्यक प्रविधि तथा सामाग्रीको व्यवस्था, कृषि उत्पादनमा यान्त्रीकरण तथा प्रशोधन, बजरीकरणमा पूर्वाधारको व्यवस्था जस्ता कृषि क्षेत्रको आधुनिकीकरण मार्फत कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व बृद्धि गराउने मार्गचित्र प्रधानमन्त्री कृषि आधुनिकीकरण आयोजनाले देखेको छ ।

स्वदेशीसोच, स्वदेशी लगानी र आन्तरिक संस्थागत जनशक्तिबाट तयार भएको एवं दीगो आत्मिनभर्र एवं व्यावसायिक कृषि क्षेत्रको परिकल्पना सहित कृषि विकासको २० वर्षे रणनीती (ADS) (२०१५-२०३५) कार्यान्वयनको सहयोगी परियोजनाको रुपमा नेपाल सरकारले २०७३ श्रावण–२०८२ असार(१० बर्ष) को लागि "प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना" को शुरुवात गरेको हो ।

## १.२ परियोजनाको सोच, लक्ष्य, उद्देश्य

सोच

- कृषिमा आधारित अर्थतन्त्रबाट कृषिजन्य उद्योगमा रुपान्तरित आधुनिक, व्यवसायिक, दिगो एवं आत्मनिर्भर कृषि क्षेत्रको विकास गर्ने।

लक्ष्य

- समग्र कृषि मूल्य श्रृंखलाका अवयवहरुको एकीकृत संयोजन र परिचालन मार्फत खाद्य पोषण सुरक्षा सुनिश्चित गर्दै कृषि औद्योगिकरण उन्मुख दिगो आर्थिक अवसरहरु सृजना गरि राष्ट्रको समग्र विकासमा टेवा पुर्याउने ।

उद्देश्य

- प्रमुख कृषि उपजहरुको विशिष्टकृत क्षेत्रहरु निर्माण गर्ने
- निर्यात योग्य कृषि बस्तुहरुको मूल्य अभिवृद्धि गर्दै प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्ने,
- कृषि लाई सम्मानजनक नाफामुखी व्यवसायका रुपमा विकास गर्दै रोजगारीका अवसरहरु सृजना गर्ने, र
- बहुसरोकारवाला निकायहरु बिचको कार्यमूलक समन्वय मार्फत प्रभावकारी सेवा प्रवाहको सुनिश्चितता गर्ने ।

## १.३ परियोजना सन्चालनको अवधारणाः

- कृषियोग्य जमिनको चकलाबन्दी
- बिशिष्टिकृत व्यावसायीकरण
- उन्नत प्रबिधि र गुणस्तरिय पुर्वाधार विकास
- अन्तराष्ट्रियरुपमा वजारमा प्रतिस्पर्धि कृषि र औद्योगीकरण
- उपलब्धीमा आधारित सहजिकरण (Smart Output based Facilitation)

## १.४ परियोजनाको रणनीति

१. भूमिको बैज्ञानिक उपयोग
२. आधुनिक कृषि प्रविधिहरुको अवलम्बन
३. कृषिमा यान्त्रीकरण
४. कृषि उपजहरुको प्रशोधनतथा बजारीकरण पूर्वाधारहरुको विकास
५. कृषि अनुसन्धान-शिक्षा-प्रसार प्रणालीको सुदृढ समन्वय एवं आधुनिकीकरण
६. प्रतिफलमा आधारित प्रोत्साहन प्रणालीको अवलम्बन
७. गुणस्तर नियन्त्रण तथा खाद्य स्वच्छता अभिवृद्धि
८. वातावरण परिवर्तन अनुकुलीत कृषि प्रणाली अवलम्बन

## १.५ परियोजनाका सम्भागहरुः

- साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम
- व्यवसायिक कृषि उत्पादन केन्द्र (ब्लक) विकास कार्यक्रम
- व्यवसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्र (जोन) विकास कार्यक्रम
- वृहत व्यवसायिक कृषि उत्पादन तथा औद्यागिक केन्द्र (सुपरजोन) विकास कार्यक्रम

## १.६. परियोजना सम्भागहरुबिच अन्तरसम्बन्ध

यस परियोजनामा रहेका सम्भागहरुमा उत्पादन बृद्धि तर्फ पकेट इकाई, व्यवसायिक उत्पादनका लागि ब्लक इकाई, मूल्य अभिबृद्धि र बजारीकरणका संरचना सहितको उत्पादन क्षेत्रलाई जोन इकाई र कृषिजन्य उद्योग सहितको विशेष उत्पादन क्षेत्रलाई सुपरजोन इकाईको रुपमा रहेका छन् । बाली/वस्तु विशेषका पकेट तथा ब्लकहरुबाट उत्पादित उत्पादन सोही बाली/वस्तुका जोन/सुपरजोनमा रहने कृषि बजार एवं प्रशोधन उद्योगको लागि कृषि उपज तथा कच्चा पदार्थको रुपमा कार्य गर्ने तथा यसबाट बजारमुखि उत्पादन गर्न पकेट तथा ब्लकलाई प्रोत्साहन मिल्ने हुँदा दोहोरो अन्तरसम्बन्ध रहन्छ ।

यस परियोजनाका सम्भागहरुमा समावेश नभएका कृषकहरुले समेत यस्ता सम्भागहरुमा विकास भएका प्रविधिको अवलम्बन गरी लाभ लिन सक्नेछन तथा यस्ता कृषकहरुबाट अन्य कृषकहरुले तथा समग्र क्षेत्रले लाभ लिइ परियोजनाको spillover effect मार्फत आर्थिक समृद्धिको ढोका खुल्ने छ। परियोजनाका बिभिन्न सम्भागहरुबिचको कार्यमूलक अन्तरसम्बन्ध तल दिइएको छ ।

**सुपरजोन**

- औद्यौगिक कार्यः अन्तिम रुपमा उपभोग्य वस्तुको उत्पादन
- अनुसन्धान कार्यः नव प्रवर्द्धन तथा अनुसन्धान
- शैक्षिक कार्यः मानव संशाधन विकास
- वजारीकरण कार्यः प्रशोधित उपजको बजारीकरण
- नियामक कार्यः गुणस्तर नियन्त्रण र अनुसन्धान

**जोन**

- बजारीकरण कार्यः कृषि उद्योगजन्य उद्योगका लागि आवश्यक कच्चा पदार्थको बजारीकरण
- प्रशोधन कार्यः उद्योग संचालनका लागि आवश्यक कच्चा पदार्थ उत्पादनका लागि प्रथमिक प्रशोधन
- भण्डारण कार्यः संकलन
- श्रोत केन्द्र विकास कार्यः उत्पादन सामग्री उत्पादन

**ब्लक**

- उद्यम विकास कार्यः फर्म रजिष्ट्रेशन तथा कृषि व्यवसाय विकास
- वृद्धि प्रबर्द्धन कार्यः उत्पादकत्व अभिवृद्धि
- मानव श्रोत साधन व्यवस्थापन कार्यः कृषि उद्यम विकास
- प्रदर्शन तथा प्रविधि हस्तान्तरण कार्यः सहभागितात्मक व्यवसायिक उत्पादन प्रदर्शन

**पकेट**

- उत्पादन कार्यः कृषि वस्तुहरुको प्राथमिक उत्पादन
- प्रविधि प्रसार कार्यः नविनतम कृषि प्रविधिको प्रसार

## १.७ परियोजना दस्तावेजमा व्यवसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्र (जोन) विकास कार्यक्रम

राष्ट्रिय प्राथमिकता र स्थानिय सभ्यताका आधारमा तोकिएको पूर्वाधार हरु भएको र तोकिएको बाली / वस्तुमा न्यूनतम ५०० हेक्टरमा संञ्चालन भएको व्यवसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्रका रुपमा जोनहरु रहेछन् । कृषि क्षेत्रको आधुनिकरणमा योगदान पुर्याउने गरी जोनमा समावेस गरिएका बाली / वस्तुको उत्पादन तथा उत्पादकत्व वृद्दि गर्नु , जोन क्षेत्रमा कृषि यान्त्रिकरण , कृषि पूर्वाधार विकास एवंम व्यावसायिकरण प्रर्वधन तथा प्रारम्भिक प्रशोधन केन्द्रहरुको स्थापना मार्फत कृषि आधुनिकीकरणको आधारशिल तयार गर्ने जस्ता व्यवसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्र (जोन) विकास कार्यक्रम संञ्चालनका उदेश्यहरु रहने छन् ।

परियोजना अवधिमा सम्भाव्यताका आधारमा जोनहरुको संख्या न्यूनतम ३०० पुर्याइनेछ ।सम्बन्धित संञ्चालक समितिको सहमति तथा सम्बन्धित परियोजना कार्यन्वयन ईकाइको सिफारिशमा परियोजना व्यवस्थापन इकाइले आपसका जोडिएका क्षेत्रहरु समेटि जोन क्षेत्र विस्तार गर्न सक्नेछ । यस कार्यक्रमबाट व्यबसायिक कृषक समुहहरु तथा सहकारीहरु, जलउपभोक्ता समितिहरु, निजी कृषि उद्यमी तथा व्यबसायीहरु ( कानुन बमोजिम दर्ता भएका कम्पनीहरु) लाभान्वित हुनेछन् ।

जोन क्षेत्रमा रासायनिक तथा प्राङ्गरिक मल , उन्नत तथा हाइब्रिड बिउ बिजन, रसायनिक एवं जैविक विषादिहरु लगायतका उत्पादन सामग्रीहरुमा तोकिएको बमोजिम अनुदान सहयोग उपलब्ध गराइने छ । जोनमा सम्वन्धित बाली / वस्तुमा सहभागीतात्मक व्यबसायिक उत्पादन प्रविधि प्रर्दशन संचालन गरिने छ भने उत्पादन प्रविधि , बजारीकरण, मूल्य श्रृङखला विकास लगायतका विविध पक्षहरु समेटिने गरी स्थलगत तालिम कार्यक्रम संचालन गरिने छ । यान्त्रिकरण प्रर्वधनका लागी उत्पादन देखी बजारीकरण सम्म आबश्यक पर्नै सबै प्रकारका मेशीनरी औजार उपकरणको सेट सहितको सेवा उपलब्ध गराउन Custom Hiring Centre स्थापनाका लागी पुँजीगत अनुदान उपलब्ध गराइने छ । त्यस्तै, व्यवसायीकरणका लागी प्राथमिक प्रशोधन केन्द्र ,गोदाम घर , ग्रेडिङ लगायतका उत्पदानोपरान्त आवश्यक पुर्वाधारहरु रहेको एक पोष्ट हार्भेप्ट सेन्टर निर्माण गरिने छ । पुर्वाधार विकास सहयोग तर्फ लिफ्ट सिंचाई डिप तथा स्यालो टुबवेल जडान, सिंचाई कुलो मर्मत तथा सुधार, आबश्यक कृषि पुर्वाधारहरु (community seed banks, processing, grading and packaging units, marketing infrastructures, CAESC Infrastructures\Laboratories) लगायतमा सहयोग पुर्याइने छ । साथै प्राङ्गारीक मल कारखाना, टिस्युकल्चर ल्याव , हाइटेक नर्सरी लगायतका पुर्वाधार निर्माणमा सहयोग पुर्याइने छ ।

## १.८ जोन सम्भागको मुख्य विशेषताहरु

| **विशेषताहरु** | **जोन** |
|---|---|
| बालीको क्षेत्रफल हे. | कम्तिमा ५०० |
| कार्यमूलक सम्बन्ध | कृषि उपज उत्पादन, प्रविधि विस्तार र प्राथमिक प्रशोधन |
| लाभान्वित बर्ग | कृषक समुह, व्यवसायिक कृषक  सहकारी, जल उपभोक्ता समितिहरु, कृषि उद्यमी, । |

| विशेषताहरु | जोन |
|---|---|
| लाभान्बित हुन सक्ने वर्गहरु | आसपासका अन्य २०० जना |
| कार्यक्रमको प्रकार | वीउ, विरुवा, माछा, भुरा, मल तथा विषादी, यान्त्रीकरण, सिचाइ, सडक, विद्युत, सरकारी सहयोग, ऋण,बाली सुरक्षण नीति, सहजीकरण र क्षमता विकास |
| निर्माण प्रकृया | जिल्लाबाट भौगोलिक सम्भाव्यताका रुपमा पहिचान भइ आएका बालीहरुको पहिलो वर्षको लागि जम्मा ३० वटा र आयोजना अवधिमा सम्भाव्यताका |
| संचालन प्रकृया | जोन व्यवस्थापन समितिबाट |
| कार्यान्वयन इकाइ | जोन कार्यान्वयन इकाइ |

## १.९ कृषि विकास रणनीति र प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना बिच अन्तरसम्बन्ध

नेपालको कृषि क्षेत्रलाई मार्गनिर्देश गरी बलियो कृषि अर्थतन्त्र तथा रोजगारी सृजना, श्रमिक र जमिनको उत्पादकत्व बृद्धि, ग्रामिण विकास, व्यापमर सनतुलन, जलवायु परिवर्तन, उत्पादन, वितरण तथा प्रशोधन जस्ता कृषिक्षेत्रभित्रकमा जटिलताहरुको सम्बोधनबाट नेपालको कृषिक्षेत्रलाई आत्मनिर्भर, प्रतिस्पर्धी, समावेसी, दीगोपन तथा खाद्य तथा पोषण सुरक्षाको परिकल्पना कृषि विकास रणनीतिले गरेको छ। यी परिकल्पनालाई मूर्त रुप दिन एडीएसले चार रणनीतिक सम्भागहरु सुशासन, उत्पादकत्व, नाफामुलक व्यवसायीकरण र प्रतिस्पर्पर्धी क्षमतामा बृद्धि मार्फत आधार कार्यक्रम, खास महत्वका कार्यक्रम, र अन्य कार्यक्रमहरु मृफत कार्यान्वयन गरिने तय गरिएको छ । खास महत्वका कार्यक्रम अन्तर्गत खाद्य तथा पोषण सुरक्षा कार्यक्रम, विकेन्द्रित विज्ञान, प्रविधि र शिक्षा कार्यक्रम, मूल्य श्रृङ्खखा विकास कार्यक्रम र नव प्रवर्तनकारी तथा कृषि उद्यम कार्यक्रम गरी चारवटा कार्यक्रम रहेका छन् । कृषि विकास रणनीतिको रणनीतिक उद्देश्य हासिल गर्न कृषि मूल्य श्रृङ्खलाका विवध अवयवहरुको उचित संयोजन मार्फत कृषि क्षेत्रलाई प्रत्यक्ष उद्योगसंग आवद्ध गराइ कृषिको औद्योगिकरण तथा व्यवसायीकरण गर्न सहयीगी निकायका रुपमा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको विकास गरिएको छ । एडीएस मा परिकल्पीत कार्यक्रमहरु प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाले आत्मसात गरेको छ जुन यस प्रकार रहेको छ ।

१. खाद्य तथा पोषण सुरक्षा कार्यक्रमः पकेट, ब्लक, जोन र सुपरजोनहरुमा कृषिजन्य उत्पादन बृद्धिका कार्यक्रम सन्चालनबाट खाद्य तथा पोषण सुरक्षा सुनिश्चित पार्ने ।
२. विकेन्द्रित विज्ञान, प्रविधि र शिक्षा कार्यक्रमः कृषि स्नातकहरुलाई ईन्टर्नको रुपमा सेवा प्रदान गर्ने व्यवस्था गरि कृषि शिक्षालाई प्रत्यक्ष रुपमा कृषि प्रसारसँग जोडीएको ।
३. मूल्य श्रृङ्खखा विकास कार्यक्रमः परियोजनावाट पकेट, ब्लक, जोन र सपु रजोनहरुको स्थापनाबाट कृषि उपजका मूल्य श्रृङ्खखा विकास गरीएको, कृषि उद्योगहरुको स्थापना, आवश्यकता अनुसार बालीहरुको मूल्य श्रृंखला विकास, स्थानीय बालीहरुको पकेट स्थापना र मूल्य श्रृंखला ।
४. नव प्रवर्तनकारी तथा कृषि उद्यम कार्यक्रमः व्यवसाय विकास सेवा केन्द्रहरुको स्थापना, साना तथा मझौला व्यवसायहरुको स्थापना, लक्षित वर्गको लागि अनुदान, नया प्रविधिको आयात ।
५. विकेन्द्रित शिक्षा, विज्ञान प्रविधि तथा प्रसार कार्यक्रमः ब्लक, जोन र सुपर जोनहरुमा कृषि शिक्षा, प्रसार तथा अनुसन्धान इकाईहरुको स्थापना तथा सञ्चालन।

## १.१० पन्ध्रौं योजना र परियोजना

कृषि विकास रणनीतिको सहयोगी परियोजनाको रुपमा कार्यान्वयनमा रहेको यस परियोजनाले कृषि, पशुपन्छी तथा मत्स्यजन्य उत्पादनको व्यवसायीकरण, यान्त्रिकीकरण र विविधीकरण गरी यस क्षेत्रलाई प्रतिस्पर्धी बनाउन जोड दिएको छ। परियोजनाका चार सम्भागहरु पकेट, ब्लक, जोन र सुपरजोनको माध्यमबाट कृषि उत्पादन र उत्पादकत्वमा वृद्धि गरी देशलाई विभिन्न बाली, वस्तुहरुमा आत्मनिर्भरता तर्फ उन्मुख गराउन यस परियोजनाले सहयोग गर्नेछ। पन्ध्रौं योजनाले यस परियोजनालाई कृषि क्षेत्रको रुपान्तरणकारी आयोजनाको रुपमा पहिचान गरेको छ।

# २. परियोजना कार्यान्वयन इकाइ (जोन- तरकारी), पर्सा

## २.१ परिचय


"व्यवसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्र (जोन) विकास कार्यक्रम सन्चालन कार्यविधि-२०७३" अनुसार राष्ट्रिय प्राथमिकता र स्थानिय सम्भाव्यतका आधारमा सडक, सिंचाइ, विद्युत को पहुँच भएको वा हुन सक्ने, वित्तीय संस्थाहरुको पहुँच र बजारको उपलब्धता भएको तथा तोकिएको क्षेत्रफल चाक्लाबन्दी भएको र तोकीएको बालीमा न्यूनतम ५०० हे मा सञ्चालन भएको व्यवसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्र लाइ जोन भनिन्छ । पर्सा जिल्लामा २०७३ बाट नै तरकारी जोन सञ्चालन हुदै आएको छ ।

तरकारी जोन क्षेत्रमा कार्यक्रम सञ्चालन गर्ने प्रशासनिक इकाइलाई परियोना कार्यन्वयन इकाइ भनिन्छ । तरकारी जोन क्षेत्रमा सूचिकृत कृषक समूह, कृषि सहकारी, कृषि उद्यमीहरुबाट छानिएका व्यक्तिको प्रतिनिधित्वबाट ३३ प्रतिशत महिला सहितको ९ सदस्यीय जोन सञ्चालक समिति गठन हुन्छ ।समितिका सदस्यहरु तरकारीबालीको व्यवसायिक खेती (न्यूनतम १० कट्ठा)मा संलग्न भएको हनुपर्नेछ ।

## २.२ कृषकहरुको आयस्तर अभिबृद्धि गर्न तरकारी जोन पर्साका उद्देश्यहरु

- तरकारी जोनमा समावेस तरकारि बालीको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने ।
- तरकारी जोन क्षेत्रमा कृषि यान्त्रीकरण,कृषि पूर्वाधार विकास एवं व्यवसायीकरण प्रबर्द्धन तथा प्रारम्भिक प्रशोधन केन्द्रहरुको स्थापनामार्फत कृषि आधुनिकीकरणको आधारशिला तयार गर्ने
- जोन तथा आसपासका क्षेत्रहरुमा रोजगारी श्रृजना गर्ने ।
- कृषि सहकारी/कृषक समूह/कृषि उद्यमीहरुको व्यवसायिक क्षमता अभिवृद्धि गरि बजारमुखि उत्पादनमा जोड दिने।
- कृषि आधुनिकीकरण मार्फत कृषिलाई सम्मानित पेशा बनाउदै आतमनिर्भर कृषि अर्थतन्त्रको आधारशिला निर्माण गर्ने

## २.३ तरकारी जोनको कार्यक्षेत्र



तरकारी जोन पर्सा बहुदरमाइ नगरपालिका वडा नं १, ५, ६, ७, ९ साविक विश्रामपुर, भौराटार, गम्हरीया गा.वि.स. र पोखरीया नगरपालिका वडा नं ९,१० साविक शिववर्वा गा.वि.स. मा लागु भएको छ ।साथै यस आ.व. २०७७।७८ मा पोखरिया नगरपालिकाको २, ३, ४, ७, कालिकामाइ गाउपालिका १ नं मुडली र जगरनाथपुर गाउपालिकाको ५ नं वडा यस परियोजना कार्यान्वयन इकाईको तरकारी क्षेत्र विस्तार कार्यक्रममा लागु भएको छ ।

## २.४. जोन कार्यालयबाट पाइने सेवा सुविधाहरुको विवरण

| सि. नं | विवरण | सहजिकरण (Facilitation) |
|---|---|---|
| १ | कृषि उत्पादन सामग्रीहरु स्रोत केन्द्र शांत केन्द्र (वीउ, वेर्ना, विरुवा, लगायत) | ५० प्रतिशत |
| २ | प्राविधिक सहयोग | १०० प्रतिशत |
| ३ | प्रयोगशाला सेवाहरु | ८५ प्रतिशत |
| ४ | कृषि औजार तथा उपकरणहरु | ५० प्रतिशत |
| ५ | साना सिंचाइ पूर्वाधारहरु | ८५ प्रतिशत |
| ६ | उत्पादनोपरान्त तथा कृषि व्यवसाय सेवा पूर्वाधारहरु | ८५ प्रतिशत |

## २.५ परियोजना कार्यान्वयन इकाइको दरबन्दि विवरण

**परियोजना कार्यान्वयन इकाइ, तरकारी जोन पर्सा**

वरिष्ठ कृषि अधिकृत रा.प.द्वी (प्रा.) कृषि सेवा-१

| **प्रविधि विस्तार तथा अनुसन्धान शाखा** | **आर्थिक प्रशासन शाखा** |
|---|---|
| कृषि अधिकृत(रा.प.तृ. प्रा.) कृषि सेवा-१ | लेखापाल (रा.प.अनं. प्र.) -१ |
| प्राविधिक सहायक (रा.प.अनं प्र. प्रा.) -१ | नायब सुब्बा (रा.प.अनं. प्र.) -१ |
| नायब प्राविधिक सहायक (रा.प.अनं द्वी)-१ | कार्यालय सहयोगी सेवा करार- २ |

## २.७ हाल कार्यरत कर्मचारीहरुको विवरण

| क्र.सं. | कर्मचारीको नाम | पद | स्थायी ठेगाना | शैक्षिक योग्यता |
|---|---|---|---|---|
| १ | श्री रोशन अधिकरी | वरिष्ठ कृषि अधिकृत | सुन्दरबजार न.पा. ३, लम्जुङ्ग | MSc. Bioscience for Sustainable Agriculture |
| २ | श्री पुरुषोत्तम बहादुर रौनियार | कृषि अधिकृत तथा ***सुचना अधिकारी*** | | BSc. Ag |
| ३ | श्री साहेब प्रसाद | नायब सुब्बा | पकाह मैनपुर न.पा. ५ पर्सा | MBS |
| ४ | श्री दीपेन्द्र चौधरी | ना.प्रा.स. | | |
| ५ | श्री रिफान चौधरी | ना.प्रा.स. | पर्सागढी न. पा. ३ | १०+२/ JTA |
| ७ | श्री वीरचन घलान | ह.स.चा. | कोन्जोसोम गा.पा. ३ ललितपुर | |
| ८ | श्री मनोज प्रसाद चौहान | का.स. | पोखरिया न.पा. ९, पर्सा | |
| ९ | श्री सुमन तेली | का.स. | कालिकामाइ, मुडली | |

# ३ वार्षिक प्रगति विवरण

## ३.१ आ.व. २०७६/७७ को वार्षिक प्रगती

वार्षिक भारित प्रगति

| कार्यक्रम | लक्ष्य भार | प्रगति भार | भारित प्रगति प्रतिशत |
|---|---|---|---|
| पुँजीगत | ०.०० | ०.०० | ०.०० |
| चालु | ४५.४८ | ४४.६१ | ९८.०२ |
| जम्मा | ४५.४८ | ४४.६१ | ९८.०२ |

वार्षिक वित्तिय प्रगति

| कार्यक्रम | लक्ष्य भार | प्रगति भार | भारित प्रगति प्रतिशत |
|---|---|---|---|
| पुँजीगत | ०.०० | ०.०० | ०.०० |
| चालु | १०० | ६१.०४ | ६१.०४ |
| जम्मा | १०० | ६१.०४ | ६१.०४ |

## ३.३ आ.ब.०७६/७७ को वार्षिक प्रगति

**बजेट रु लाखमा**

| क्रियाकलाप | बार्षिक लक्ष्य | | | तेस्रो चौमासिक लक्ष्य | | | तेस्रो चौमासिक प्रगति | | प्रतिवेदन अवधि सम्म यस आ. व. को प्रगति | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | परिमाण | भार | बजेट | परिमाण | भार | बजेट | परिमाण | भारित | परिमाण | भारित |
| २ | 5 | ६ | 7 | १४ | 15 | १६ | 17 | १८ | १९ | २० |
| | | | १७२.६३ | | | ८५.५९ | | | | |
| किसानका लागि व्यवसाय व्यवस्थापन तथा बजारीकरण तालिम(उद्यमशीलता ,रोजगारी मुलक / सशक्तिकरण / सीप विकास तथा क्षमता अभिवृद्धि तालिम) | १ | 0.64 | १.५ | ०.०० | ०.०० | ०.०० | ०.०० | | | ०.०० |
| उद्यमशिलता तथा क्षमता अभिवृद्धि तालित- स्थलगत(उद्यमशीलता ,रोजगारी मुलक / सशक्तिकरण / सीप विकास तथा क्षमता अभिवृद्धि तालिम) | १० | 0.85 | २ | ४.०० | ०.३४ | ०.८० | ०.०० | ०.०० | | ०.०० |
| मेशिनरी औजार उपकरण मर्मत सम्भार तालिम(उद्यमशीलता ,रोजगारी मुलक /सशक्तिकरण / सीप विकास तथा क्षमता अभिवृद्धि तालिम) | १ | 0.64 | १.५ | ०.०० | ०.०० | ०.०० | ०.०० | | | ०.०० |
| योजना तर्जुमा गोष्ठी(गोष्ठि तथा कार्यशाला) | १ | 0.26 | ०.६ | ०.०० | ०.०० | ०.०० | ०.०० | | १ | ०.२६ |
| स्थानीय तहका पदाधिकारीहरुसँग कार्यक्रम सम्बन्धि अन्तरक्रिया कार्यक्रम(गोष्ठि तथा कार्यशाला) | १ | 0.26 | ०.६ | ०.०० | ०.०० | ०.०० | ०.०० | | | ०.०० |
| वार्षिक प्रगती पुस्तिका प्रकाशन(प्रचार प्रसार तथा सामाग्री उत्पादन तथा प्रकाशन र वितरण) | १ | 0.21 | ०.५ | ०.०० | ०.०० | ०.०० | ०.०० | | १ | ०.२१ |

| क्रियाकलाप | बार्षिक लक्ष्य | | | तेस्रो चौमासिक लक्ष्य | | | तेस्रो चौमासिक प्रगति | | प्रतिवेदन अवधि सम्म यस आ. व. को प्रगति | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | परिमाण | भार | बजेट | परिमाण | भार | बजेट | परिमाण | भारित | परिमाण | भारित |
| प्रधानमन्त्री कृषि रेडियो कार्यक्रम(प्रचार प्रसार तथा सामाग्री उत्पादन तथा प्रकाशन र वितरण) | ३ | 0.38 | ०.९ | १.०० | ०.१३ | ०.३० | १.०० | ०.१३ | ३ | ०.३८ |
| परियोजना प्रचार प्रसार समाग्री तयारी(बुकलेट, फोल्डर, पम्फ्लेट प्रकाशन)(प्रचार प्रसार तथा सामाग्री उत्पादन तथा प्रकाशन र वितरण) | १ | 0.21 | ०.५ | ०.०० | ०.०० | ०.०० | ०.०० | | १ | ०.२१ |
| क्रप कटिंग(अध्ययन /सर्वेक्षण/अनुसन्धान) | १२० | 0.20 | ०.४८ | ६०.०० | ०.१० | ०.२४ | ६०.०० | ०.१० | ९० | ०.१५ |
| जोन/सुपरजोनहरुमा विशिष्टिकृत बालीहरुको लाभ लागत अध्ययन(अध्ययन /सर्वेक्षण/अनुसन्धान) | १ | 0.17 | ०.४ | ०.०० | ०.०० | ०.०० | ०.०० | | १ | ०.१७ |
| शुक्ष्म जीव जन्य जैविक विषादी (Trichoderma)आदिको Mother culture शुक्ष्म जीव जन्य जैविक विषादी (Trichoderma)आदिको Mother culture संरक्षण, उत्पादन तथा वितरण(कृषि विकास कार्यक्रम) | ३ | 0.38 | ०.९ | ०.०० | ०.०० | ०.०० | ३.०० | | ३ | ०.३८ |
| आकस्मिक बाली संरक्षण सेवा(अन्य) | ३ | 0.96 | २.२५ | १.०० | ०.३२ | ०.७५ | १.०० | ०.३२ | ३ | ०.९६ |
| स्थलगत प्रयोगशाला सेवा (माटो तथा बाली संरक्षण शिविर)(अन्य) | 2 | 0.85 | 2 | १.०० | ०.४३ | १.०० | ०.०० | ०.०० | | ०.०० |
| भकारो सुधार(अन्य) | 100 | 5.12 | 12 | ५०.०० | २.५६ | ६.०० | ६७.०० | ३.४३ | ६७ | ३.४३ |
| सहभागितात्मक उन्नत प्रविधि प्रदर्शन तथा स्थलगत तालिम(अन्य) | 4 | 3.42 | 8 | १.०० | ०.८५ | २.०० | १.०० | ०.८५ | ६ | ५.१२ |
| संचालक समितिका पदाधिकारी, सरोकारवाला, अगुवा कृषक तथा कर्मचारीहरूको अध्ययन अबलोकन भ्रमण(अन्य) | 1 | 1.28 | 3 | ०.०० | ०.०० | ०.०० | ०.०० | | १ | १.२८ |
| ५० % अनुदानमा कृषि चुन वितरण ढुवानी सहित(अन्य) | 1 | 1.07 | 2.5 | १.०० | १.०७ | २.५० | ०.०० | ०.०० | | ०.०० |
| प्रतिफलमा आधारित प्रोत्साहन अनुदान(अन्य) | 120 | 5.12 | 12 | १२०.०० | ५.१२ | १२.०० | १४५.९७ | ६.२३ | १४६ | ६.२३ |
| संचालक समितिको संचालन तथा व्यवस्थापन(अन्य) | 1 | 0.43 | 1 | ०.०० | ०.०० | ०.०० | ०.०० | | १ | ०.४३ |

| क्रियाकलाप | बार्षिक लक्ष्य | | | तेस्रो चौमासिक लक्ष्य | | | तेस्रो चौमासिक प्रगति | | प्रतिवेदन अवधि सम्म यस आ. व. को प्रगति | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | परिमाण | भार | बजेट | परिमाण | भार | बजेट | परिमाण | भारित | परिमाण | भारित |
| साना मेशिनरी औजार तथा उपकरणमा अनुदान(कृषि - खेतीको साथै सिंचाई प्रयोजन र पशु चिकित्सा सम्बन्धी उपकरण तथा मेशीन औजार) | 70 | 29.89 | 70 | ३०.०० | १२.८१ | ३०.०० | ३०.०० | १२.८१ | २४ | १०.२५ |
| साना सिंचाई निर्माण तथा मर्मत सम्भार (साना सिंचाई निर्माण)(सिंचाइ प्रणालीको निर्माण) | 50 | 21.35 | 50 | ३०.०० | १२.८१ | ३०.०० | ३०.०० | १२.८१ | २० | ८.५४ |
| | | 26.28 | **61.53** | | ८.९३ | **२०.९०** | | | | |
| रा.प. द्वितीय(स्थायी कर्मचारी) | 1 | 2.44 | 5.72 | १.०० | ०.७५ | १.७६ | १.०० | ०.७५ | १ | २.४४ |
| रा.प. तृतीय(स्थायी कर्मचारी) | १ | 2.16 | ५.०६ | १.०० | ०.६६ | १.५५ | १.०० | ०.६६ | १ | २.१६ |
| रा.प.अनं. प्रथम(स्थायी कर्मचारी) | २ | 3.48 | ८.१५ | १.०० | १.०७ | २.५० | १.०० | १.०७ | १ | १.७४ |
| स्थायी कर्मचारीको महंगी भत्ता(महंगी भत्ता) | ४ | 0.41 | ०.९६ | ४.०० | ०.१४ | ०.३२ | ३.०० | ०.१० | ३ | ०.३१ |
| कार्यालयमा हुने विभिन्न बैठकहरुको बैठक भत्ता(बैठक भत्ता) | ४ | 0.43 | १ | १.० | ०.११ | ०.२५ | ०.०० | ०.०० | | ०.०० |
| चाड पर्व तथा पालो पहरा भत्ता(शिशु स्याहार भत्ता) | १ | 0.13 | ०.३ | ०.० | ०.०४ | ०.१० | | | १ | ०.१३ |
| निजामती कर्मचारीहरुको पोशाक खर्च(कर्मचारी पोशाक) | ४ | 0.17 | ०.४ | ४.० | ०.१७ | ०.४० | ३.०० | ०.१३ | ३ | ०.१३ |
| धाराको महसुल(धाराको महसुल) | 200 | 0.10 | 0.24 | ८००.० | ०.०३ | ०.०८ | ८००.०० | ०.०३ | २०० | ०.१० |
| बिद्युत महशुल(बिजुली महसुल) | ७०० | 0.36 | ०.८४ | २८००.० | ०.१२ | ०.२८ | २८०० | ०.१२ | ७०० | ०.३६ |
| टेलिफोन महसुल(टेलिफोन महसुल) | १ | 0.26 | ०.६ | ०.० | ०.०९ | ०.२० | | | १ | ०.२६ |
| ईमेल/ इन्टरनेट/वेवसाइट महसुल(ईमेल/ इन्टरनेट/वेवसाइट) | १ | 0.15 | ०.३६ | ०.० | ०.०५ | ०.१२ | | | १ | ०.१५ |
| हुलाक/कुरियर खर्च(हुलाक/कुरियर खर्च) | ५ | 0.26 | ०.६ | ०.० | ०.०९ | ०.२० | | | ५ | ०.२६ |
| सवारी साधनका लागि मोबिल तथा अन्य लुब्रिकेन्टस्(इन्धन कार्यालय प्रयोजन) | १२० | 0.35 | ०.८२ | ४०.० | ०.१२ | ०.२८ | ४०.०० | ०.१२ | १२० | ०.३५ |
| कार्यक्रम संचालन तथा अनुगमनमा प्रयोग हुने मोटरसाइकलका लागि पेट्रोल(इन्धन कार्यालय प्रयोजन) | ७२० | 0.33 | ०.७८ | १८०.० | ०.११ | ०.२६ | १८०.०० | ०.११ | ७२० | ०.३३ |

| क्रियाकलाप | बार्षिक लक्ष्य | | | तेस्रो चौमासिक लक्ष्य | | | तेस्रो चौमासिक प्रगति | | प्रतिवेदन अवधि सम्म यस आ. व. को प्रगति | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | परिमाण | भार | बजेट | परिमाण | भार | बजेट | परिमाण | भारित | परिमाण | भारित |
| कार्यक्रम संचालन तथा अनुगमनमा प्रयोग हुने गाडीका लागि डिजेल(इन्धन कार्यालय प्रयोजन) | 2400 | 0.92 | 2.16 | ८००.० | ०.३१ | ०.७२ | ८००.०० | ०.३१ | २४०० | ०.९२ |
| ग्याँस(इन्धन- अन्य प्रयोजन) | २० | 0.14 | ०.३२ | ६.० | ०.०४ | ०.१० | ८.०० | ०.०६ | २० | ०.१४ |
| दुई पाङ्ग्रे सवारी साधन मर्मत खर्च(सवाी साधन मर्मत) | 4 | 0.26 | 0.6 | ०.० | ०.०९ | ०.२० | | | ४ | ०.२६ |
| चार पाङ्ग्रे सवारी साधन मर्मत खर्च(सवाी साधन खर्च) | १ | 1.28 | ३ | ०.० | ०.४३ | १.०० | | | १ | १.२८ |
| फर्निचर मर्मत (मेशिनरी तथा औजार मर्मत सम्भार तथा संचालन खर्च) | १० | 0.09 | ०.२ | १०.० | ०.०३ | ०.०६ | १०.०० | ०.०३ | १० | ०.०९ |
| मेशिनरी उपकरण मर्मत(मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च) | 10 | 0.13 | 0.3 | १०.० | ०.०४ | ०.१० | १०.०० | ०.०४ | १० | ०.१३ |
| कार्यालयको लागि स्टेसनरी, टोनर तथा अन्य मालसामान(कार्यालय मसलन्द सामान खर्च) | 15 | 0.51 | १.२ | ५.० | ०.१७ | ०.४० | ५.०० | ०.१७ | १५ | ०.५१ |
| कार्यालय मसलन्द सामान खर्च(कार्यालय मसलन्द सामान खर्च) | ५ | 0.53 | १.२५ | २.० | ०.२१ | ०.५० | २.०० | ०.२१ | ५ | ०.५३ |
| कार्यालयलाई आवश्यक विभिन्न सामाग्री छपाई(छपाई खर्च) | ३ | 0.15 | ०.३५ | १.० | ०.०५ | ०.११ | १.०० | ०.०५ | ३ | ०.१५ |
| कार्यालयको लागि पत्रपत्रीका तथा पुस्तक खरिद(पत्रपत्रिका तथा पुस्तिका) | ३ | 0.13 | ०.३ | १.० | ०.०४ | ०.१० | १.०० | ०.०४ | ३ | ०.१३ |
| स्थानीय स्रोत व्यक्ति करार(अन्य) | 1 | 0.92 | 2.16 | ४.० | ०.३१ | ०.७२ | ४.०० | ०.३१ | १ | ०.९२ |
| कार्यालय सहयोगी सेवा करारमा लिने(व्यक्ति करार) | 2 | 1.84 | 4.32 | २.० | ०.५७ | १.३३ | २.०० | ०.५७ | १ | १.३४ |
| सवारी चालक करारमा लिने(व्यक्ति करार) | 1 | 1.03 | 2.42 | १.० | ०.३० | ०.७१ | १.०० | ०.३० | १ | १.०३ |
| कृषि प्राविधिक करारमा लिने(व्यक्ति करार) | 2 | 2.41 | 5.64 | २.० | १.०० | २.३५ | २.०० | १.०० | २ | २.४१ |
| करार सेवामा कार्यरत कर्मचारीहरुका लागि पोशाक भता (अन्य सेवा शुल्क) (अन्य सेवा) | ५ | 0.21 | ०.५० | ०.० | ०.०० | ०.०० | ०.०० | | ५ | ०.२१ |

| क्रियाकलाप | बार्षिक लक्ष्य | | | तेस्रो चौमासिक लक्ष्य | | | तेस्रो चौमासिक प्रगति | | प्रतिवेदन अवधि सम्म यस आ. व. को प्रगति | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | परिमाण | भार | बजेट | परिमाण | भार | बजेट | परिमाण | भारित | परिमाण | भारित |
| जोन विकास कार्यक्रम अन्तरगत संचालन हुने क्रियाकलापहरुको अनुगमन तथा मुल्याङ्कन (अनुगमन मुल्याङ्कन तथा कार्यक्रम कार्यन्वयन भ्रमण खर्च) | २४ | 1.35 | ३.१५ | १०.० | ०.४५ | १.०५ | १०.०० | ०.४५ | २४ | १.३५ |
| सरुवा भ्रमण खर्च र प्रशासनिक भ्रमण(आन्तरिक भ्रमण) | 20 | 0.90 | २.१० | ७.० | ०.३० | ०.७० | ७.०० | ०.३० | १० | ०.४५ |
| कार्यक्रम बजेट तजुर्मा तथा समिक्षा गोष्ठीमा भाग लिने ( आन्तरिक भ्रमण) | ५ | 0.23 | ०.५३ | २.० | ०.०९ | ०.२१ | २.०० | ०.०९ | ५ | ०.२३ |
| गाडी विमा तथा नविकरण (वीमा सवारी साधन) | १ | 0.32 | ०.७६ | १.० | ०.३२ | ०.७६ | १.०० | ०.३२ | १ | ०.३२ |
| कार्यालयमा दैनिक चियापान खर्च तथा अन्य भैपरि आउने विविध खर्च(चियापान खर्च) | 12 | 0.26 | ०.६० | ४.० | ०.०९ | ०.२० | ४.०० | ०.०९ | १२ | ०.२६ |
| नियमित स्टाफ बैठकमा हुने चियापान खर्च(चियापान खर्च) | 12 | 0.15 | ०.३६ | ४.० | ०.०५ | ०.१२ | ४.०० | ०.०५ | १२ | ०.१५ |
| सचालक समिति तथा कार्यालयमा हुने अन्य बैठकमा खाजा खर्च(चियापान खर्च) | १२ | 0.20 | ०.४८ | ४.० | ०.०७ | ०.१६ | ०.०० | ०.०० | १२ | ०.२० |
| धर भाडा(कार्यालयको घर भाडा) | १ | 1.28 | ३.०० | १.० | ०.४३ | १.०० | १.०० | ०.४३ | १ | १.२८ |
| | | 100.00 | **234.16** | | ४५.४८ | **१०६.४९** | | **४४.६१** | | **६१.०४** |
| | | 100.00 | **234.16** | | ४५.४८ | **१०६.४९** | | **४४.६१** | | **६१.०४** |

# ३.४ आ.व. २०७७।७८ को कार्तिक देखि पौष सम्म सम्पन्न भएको मुख्य मुख्य कार्यक्रमहरू

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
परियोजना कार्यान्वयन इकाई,

२. मासिक प्रगति

आ.व.: २०७७/७८ — महिना: पुष

| क स. | बजेट उ.शिर्षक न. | परियोजना कार्यान्वयन इकाईको नाम | यस महिनामा सम्पन्न मुख्य मुख्य कार्यक्रमहरु | हालसम्म सम्पन्न मुख्य मुख्य कार्यक्रमहरु | अर्को महिना संचालन गरिने कार्यक्रमहरु | कैफियत |
|---|---|---|---|---|---|---|
| | ३१२००१०६ | परियोजना कार्यान्वयन इकाई पर्सा | प्रविधिक शिक्षालयको साझेदारीमा व्यवसायिक उत्पादन कार्यक्रम संचालन अनुदान कार्यक्रमको लाभग्राही छनौट भई सम्झौताको हुने चरणमा रहेको । | प्रत्येक वडामा बीमा सहजकर्ता श्रोत व्यक्ती विकास तालीम (दुई वटा तालिम सम्पन्न) | प्रविधिक शिक्षालयको साझेदारीमा व्यवसायिक उत्पादन कार्यक्रम संचालन अनुदान कार्यक्रम सम्झौताभई कार्यक्रम कार्यान्वयनको चरणमा जाने | |
| | | | बिउ श्रोत केन्द्र कार्यक्रम संचालन अनुदान कार्यक्रमको लाभग्राही छनौट भई सम्झौताको हुने चरणमा रहेको । | न्यूनतम समर्थन मूल्य निर्धारणको लागि तथ्याङ्क संकलन | बिउ श्रोत केन्द्र कार्यक्रम संचालन अनुदान कार्यक्रम सम्झौताभई कार्यक्रम कार्यान्वयनको चरणमा जाने | |
| | | | नर्सरी श्रोत केन्द्र विकास कार्यक्रम संचालन अनुदान कार्यक्रमको लाभग्राही छनौट भई सम्झौताको हुने चरणमा रहेको । | स्थानिय तहको कृषि कार्यक्रमहरुको रिपोर्टिङ सम्पन्न । | नर्सरी श्रोत केन्द्र विकास कार्यक्रम संचालन अनुदान कार्यक्रम सम्झौताभई कार्यक्रम कार्यान्वयनको चरणमा जाने | |
| | | | सुपथ मूल्यमा एग्रोभेट कार्यक्रम संचालन अनुदान कार्यक्रमको लाभग्राही छनौट भई सम्झौताको हुने चरनमा रहेको । | | सुपथ मूल्यमा एग्रोभेट कार्यक्रम संचालन अनुदान कार्यक्रम सम्झौताभई कार्यक्रम कार्यान्वयनको चरणमा जाने | |
| | | | प्याकेजिङ, लेबलिंग तथा पोष्ट हार्भेष्ट क्षति न्यूनीकरण कार्यक्रमको फिल्ड भेरिफिकेशनको अवस्थामा रहेको | | प्याकेजिङ, लेबलिंग तथा पोष्ट हार्भेष्ट क्षति न्यूनीकरण कार्यक्रम सम्झौताभई कार्यक्रम कार्यान्वयनको चरणमा जाने | |
| | | | Shallow Tubewell Irrigation जडान कार्यक्रमको फिल्ड भेरिफिकेशनको अवस्थामा रहेको | | Shallow Tubewell Irrigation जडान कार्यक्रम सम्झौताभई कार्यक्रम कार्यान्वयनको चरणमा जाने | |
| | | | जोन/सुपरजोन प्रभाव क्षेत्रमा क्षेत्रफल बिस्तार (तरकारी हिउँदे )प्रस्तावहरु संकलन भईरहेको | | जोन/सुपरजोन प्रभाव क्षेत्रमा क्षेत्रफल बिस्तार (तरकारी हिउँदे ) कार्यक्रम फिल्ड भेरिफिकेशनको चरणमा जाने | |
| | | | जोन/सुपरजोन क्षेत्रमा कृषि यान्त्रीकरण सहयोग फिल्ड भेरिफिकेशनको अवस्थामा रहेको | | जोन/सुपरजोन क्षेत्रमा कृषि यान्त्रीकरण सहयोग कार्यक्रमको सम्झौताभई कार्यक्रम कार्यान्वयनको चरणमा जाने | |

तयार गर्ने:

प्रमाणित गर्ने:

# ३.५ आ.व. २०७७।७८ पौष महिना वित्तिय प्रगति प्रतिवेदन

नेपाल सरकार
कृषि तथा पशुपन्छी बिकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
परियोजना कार्यान्वयन इकाई, पर्सा

१. मासिक वित्तिय प्रगति    आ.व.: २०७७/७८    महिना: पुष

| क.स. | बजेट उप-शीर्षक नं. | परियोजना कार्यान्वयन इकाईको नाम | बार्षिक विनियोजित बजेट (रु हजारमा) | | | दोस्रो चौमासिक विनियोजित बजेट (रु. हजारमा) | | | यस महिना (मङ्सिर) को खर्च (रु हजारमा) | | | दोस्रो चौमासिक विनियोजनको तुलनामा चौमासिकको खर्च (रु हजारमा) | | | चालु आ. व. को हालसम्मको खर्च (रु. हजारमा) | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | चालु | पुँजिगत | जम्मा | चालु | पुँजिगत | जम्मा | चालु | पुँजिगत | जम्मा | चालु | पुँजिगत | जम्मा | चालु | पुँजिगत | जम्मा | |
| १ | ३१२००१०६ | परियोजना कार्यान्वयन इकाई पर्सा | ३६००९.०० | ३३२०.०० | ३९३२९.० | २७३१५.० | १४००.०० | २८७१५.०० | १०४३.१३ | ०.००० | १०४३.१३ | १३२२.४० | ०.०० | १३२२.४० | ३५०४.८७ | ३६८.४३ | ३८७३.३० | |
| जम्मा | | | ३६००९.० | ३३२०.० | ३९३२९.० | २७३१५.० | १४००.०० | २८७१५.०० | २७९.२७ | ०.०० | १०४३.१३ | १३२२.४० | ०.०० | १३२२.४० | ३५०४.८७ | ३६८.४३ | ३८७३.३० | |

चौमासिक बिनियोजनको तुलनामा खर्च प्रतिशत ४.६१    बार्षिक बिनियोजनको तुलनामा खर्च प्रतिशत ९.८४८४६

तयार गर्ने:

प्रमाणित गर्ने:

## ४. सूचना अधिकारी र प्रमुखको नाम र पद

क. कार्यालय प्रमुख श्री रोशन अधिकारी

ख. सूचना अधिकारी श्री पुरुषोत्तम ब. रौनियार

## ५. कार्यालय सम्बन्धी सुचना सम्प्रेशण

यस कार्यालयको कार्यक्रम सम्बन्धी सूचना यस कृषक प्रतिनिधिहरूलाई BULK SMS वाट जानकारी गराइन्छ । यसका साथै कार्यालयको वेबसाइट www.parsa.pmamp.gov.np , राष्ट्रिय दैनिक, स्थानीय एफ.एम, कार्यालयको फेसबुक पेज www.facebook.com/परियोजना-कार्यान्वयन-इकाई-पर्सा-१०१५५९७५७९३७०९१ , कार्यालयको सूचना पाटी तथा पर्सा जिल्ला स्थित सबै स्थानीय तहको Email ID मार्फत सूचनाहरू पठाएर सूचित गरिने गरिएको छ ।

## ६. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी, सम्बन्धित शाखा प्रमुख

| सि.नं | शाखा | कर्मचारीको नाम | पद | कैफियत |
|---|---|---|---|---|
| १ | प्राविधिक शाखा | श्री पुरुषोत्तम ब. रौनियार | कृषि अधिकृत | |
| | | श्री रिफान चौधरी | ना.प्रा.स | |
| | | श्री दिपेन्द्र चौधरी | ना.प्रा.स | |
| २ | प्रशासन शाखा | श्री साहेब प्रसाद | नायब सुब्बा | |
| ३ | आर्थिक प्रशासन शाखा | श्री राजेन्द्र कुमार कर्ण | लेखापाल | |

## ७. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

दश पेजसम्मको सूचना नि:शुल्क प्राप्त हुने र सो भन्दा माथि भएमा प्रति पेज रु ५।– दस्तुर लाग्ने, सूचनाको प्रकृति हेरी बढीमा १५ दिनसम्मको अवधि लाग्ने ।

# ८. निवेदन, उजुरी उपर निर्णय गर्ने प्रक्रिया र अधिकारी

**निवेदन, उजुरी उपर निर्णय गर्ने प्रक्रिया**

नागरिकले माग गरेको सूचना १५ दिनभित्र पनि सूचना अधिकारीले उपलब्ध नगराए नागरिक सूचना अधिकारी विरुद्ध उजुरी गर्न कार्यालय प्रमुख समक्ष जानुपर्ने छ । कार्यालय प्रमुख समक्ष उजुरी परेको ७ दिनभित्र कार्यालय प्रमुखले सूचना अधिकारी मार्फत वा आफैं नागरिकलाई सूचना उपलब्ध गराउनुपर्छ । ७ दिनभित्र कार्यालय प्रमुखले पनि नागरिकलाई सूचना उपलब्ध नगराए नागरिकले त्यसको ३५ दिनभित्र सूचना अधिकारी र कार्यालय प्रमुख विरुद्ध राष्ट्रि सूचना आयोगमा पुनरावेदन गर्न सक्नेछन् ।

# ९. सार्वजनिक निकायको वेवसाइटः

यस परियोजना कार्यान्वयन इकाईको वेबसाइट www.parsa.pmamp.gov.np

**प्रस्तुत विवरण कार्यालयको बेबसाइट www.parsa.pmamp.gov.np मा हेर्न सकिने छ ।**

**फोन नं ९८५५०३६४१२, ९८५५०३६४१५**

**इमेल: pmamp.piu.parsa@gmail.com**